# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०२।२६ गते।


# प्रेस विज्ञप्ति

**विषय: नेपाल बैंक लिमिटेड संचालक समितिका तत्कालीन अध्यक्ष डा. चन्द्र बहादुर अधिकारी समेत ५ जना उपर भुसाल हस्पिटालिटी अन्तर्गतको Radisson project को नेपाल बैंक लिमिटेडबाट हुने ऋण प्रक्रियामा सहजीकरण गरिदिने भनी घुस/रिसवत लिई/दिई गरी भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर।**

नेपाल बैंक लिमिटेड संचालक समितिका तत्कालीन अध्यक्ष डा. चन्द्र बहादुर अधिकारी समेतले जिल्ला रुपन्देही सिद्धार्थनगर-१ बेलहियामा रहेको भुसाल हस्पिटालिटी अन्तर्गतको Radisson project को नेपाल बैंक लिमिटेडबाट हुने ऋण प्रक्रियामा सहजीकरण गरिदिन्छु भनी नगद रु.१९,००,०००।- (अक्षेरुपी उन्नाईस लाख) रकम लिएको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, जिल्ला रुपन्देही सिद्धार्थनगर-१ बेलहियामा रहेको भुसाल हस्पिटालिटी अन्तर्गतको Radisson project ले **रू. १ अर्ब ७७ करोड २९ लाख ८६ हजार सात सय छैसट्टी** ऋण लिनको लागि नेपाल बैङ्क लिमिटेड प्रधान कार्यालयमा कागजात पेश गरी ऋण प्रक्रिया अगाडी बढेको देखिएको। ऋण प्रक्रियाको लागि नेपाल बैंक लिमिटेडमा कागजात पेश गरे पश्चात भुसाल हस्पिटालिटीका अध्यक्ष बालकृष्ण भुसाल र निजको छोरा तथा भुसाल हस्पिटालिटीका सेयर सदस्य अंकित भुसालको संचालक समितिका तत्कालीन अध्यक्ष चन्द्र बहादुर अधिकारीसँग पटक पटक WhatsApp मार्फत कुराकानी, भेटघाट हुने गरेको। चन्द्र बहादुर अधिकारीले नेपाल बैङ्कवाट ऋण मिलाई दिन सहजीकरण गर्न गराउन प्रतिवादीहरु लक्की भन्ने खुस नसिब अन्सारी समेतका प्रतिबादीहरूसँगको मिलोमतोमा मिति २०८१।०५।३० गते भुसाल हस्पिटालिटीका अंकित भुसालसँग रकम माग गरे पश्चात निज प्रतिबादी बालकृष्ण भुसालको प्राईम बैंकको चेक प्राप्त गरी गराई भारतीय नागरीक लक्की खान भन्ने खुस नसिब अन्सारीकोमा काम गर्ने राकेश थापालाई चेक सटही गर्न लगाई रू.७००,०००।- (सात लाख) र शारदा गुप्ताको नाममा दर्ता रहेको Ananya Enterprises सिटिजन बैङ्कको खातामा अमृत भुसालको एभरेष्ट बैङ्क मार्फत रू.१२,००,०००।—रकम ट्रान्सफर गर्न लगाई जम्मा गरे गराएको देखिएको।सो रु.१९,००,०००।—(उन्नाईस लाख रकम भारतीय नागरीक लक्की भन्ने खुस नसिब अन्सारीमार्फत चन्द्र बहादुर अधिकारीले प्राप्त गरेको देखिएको।प्रतिवादीहरु चन्द्र बहादुर अधिकारी समेतले भुसाल हस्पिटालिटीलाई नेपाल बैङ्क लिमिटेडबाट ऋण लिन सहजीकरण गर्न गराउन जम्मा रु.१९,००,०००।—(उन्नाईस लाख) घुस रिसवत रकम भुसाल हस्पिटालिटीका पदाधिकारी बालकृष्ण भुसालसमेतसँग माग गरी लिन दिन मञ्जुर समेत भई लिएको देखिएको।घुस रिसवत बापत लिई सटही गरेको चेकको बिवरण, ट्रान्सफर गरिएको रकम समेतको बिवरण सहितको कागजात मिति २०८१/१०/२३ गते चन्द्र बहादुर अधिकारीको घरकोठाबाट बरामद समेत भएको देखिएको।नेपाल बैक लिमिटेड संचालक समितिका तत्कालीन अध्यक्ष चन्द्र बहादुर अधिकारीले लक्की खान भन्ने खुसनसिब अन्सारी

समेतका प्रतिवादीहरूको मिलेमतोमा नेपाल बैक लिमिटेडबाट भुसाल हस्पिटालिटीलाई ऋण उपलब्ध गराउन सहजीकरण गरिदिन्छु भनी बालकृष्ण भुसाल, अमृत भुसाल र अंकित भुसालसँग जम्मा रु.१९,००,०००।—(उन्नाईस लाख) घुस रिसवत लिएको देखिएको। उक्त तथ्य निम्न फ्लो चार्टमा थप प्रष्ट पारिएको छ।

**<u>घुस रिसवत लिने दिने कार्यको फ्लो चार्ट</u>**



देहायका प्रतिबादीहरु उपर देहाय बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | प्रतिवादीको नामथर र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नेपाल बैंक लिमिटेडको तत्कालीन अध्यक्ष **चन्द्र बहादुर अधिकारी** | रू.१९,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादी चन्द्र बहादुर अधिकारीलाई बिगो रू.१९,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | लक्की भन्ने खुस **नसिब अन्सारी** | रू.१९,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम बिगो रू.१९,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम निज प्रतिवादी लक्की खान भन्ने खुस नसिब अन्सारीलाई कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | **अमृत भुसाल, अंकित भुसाल र बालकृष्ण भुसाल** | रू.१९,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूरजन्य कार्य भएको हुँदा सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरे वमोजिम बिगो रू.१९,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल